# प्रसारित र वितरण गरिएको शुक्रबारको खुत्बा (जुमअह प्रवचन)

## मिति: १० सफर १४४८ हिजरी, २४ जुलाई २०२६ ईस्वी।

# फितना (संकट) र उथलपुथल (अशान्ति) को समयमा अल्लाहमाथिको भरोसा र आशावाद

सबै प्रशंसा अल्लाहकै लागि हो, जो आफ्नो ईश्वरत्वमा अद्वितीय हुनुहुन्छ, सधैं रहने (अनश्वर) हुनुहुन्छ, र सम्पूर्ण धन्यवाद तथा प्रशंसाका सर्वथा अधिकारी हुनुहुन्छ। म साक्षी दिन्छु कि अल्लाह बाहेक कुनै सत्य उपास्य छैन। उहाँ एक हुनुहुन्छ, उहाँको कुनै साझेदार छैन। उहाँ नै सम्पूर्ण शक्ति, महिमा र महानताका स्वामी हुनुहुन्छ। र म साक्षी दिन्छु कि मुहम्मद ﷺ उहाँका दास तथा रसूल हुनुहुन्छ। उहाँ सम्पूर्ण मानवजातिमध्ये सबैभन्दा श्रेष्ठ र सबै रसूल तथा नबीहरूमध्ये सबैभन्दा पवित्र हुनुहुन्छ। अल्लाहको दया र शान्ति उहाँमाथि, उहाँका पवित्र परिवारमाथि, उहाँका धर्मनिष्ठ, सदाचारी र परहेजगार सहाबीहरूमाथि, तथा कियामतको दिनसम्म उनीहरूको उत्तम रूपमा अनुसरण गर्ने सबैमाथि रहोस्।

**अब त्यसपछि**: हे ईमानवालाहरू! अल्लाहसँग तक्वा (ईश्वरभय) अपनाऊनुहोस्। आफ्ना हृदयहरूलाई रहमान (अत्यन्त कृपालु अल्लाह) को निर्णयप्रति सन्तुष्टिले भरिदिऔं, र सर्वोच्च न्यायाधीश अल्लाहको निर्णयप्रति राम्रो धारणा राखौं। किनकि जसले आफ्नो पालनकर्ता र

संरक्षकमाथि आशा राख्छ, ऊ कहिल्यै निराश हुँदैन; र जसले उहाँको शरण लिन्छ, ऊ कहिल्यै पराजित हुँदैन। अल्लाह तआलाले भन्नु भएको छः

{وَلَقَدْ أَرْسَلْنَا مِنْ قَبْلِكَ رُسُلًا إِلَى قَوْمِهِمْ فَجَاءُوهُمْ بِالْبَيِّنَاتِ فَانْتَقَمْنَا مِنَ الَّذِينَ أَجْرَمُوا وَكَانَ حَقًّا عَلَيْنَا نَصْرُ الْمُؤْمِنِينَ} [الروم: 47]

"निश्चय नै हामीले तपाईंभन्दा अघि पनि धेरै रसूलहरूलाई उनीहरूको समुदायतर्फ पठायौँ। उनीहरूले आफ्ना समुदायसमक्ष स्पष्ट प्रमाणहरू ल्याए। त्यसपछि हामीले अपराध गर्नेहरूलाई दण्ड दियौँ। र ईमानवालाहरूलाई सहायता गर्नु हाम्रो जिम्मेवारी थियो।" (सूरह अर-रूम: ४७).

**हे मुस्लिमहरूको समुहहरू**: निश्चय नै यो संसारको जीवन सधैं एउटै अवस्थामा रहँदैन। यसको अवस्था कहिले सुख र कहिले दुःख, कहिले समृद्धि र कहिले कठिनाइबीच परिवर्तन भइरहन्छ। मानिसहरू पनि एक अवस्थाबाट अर्को अवस्थामा पुगिरहन्छन्–कहिले सहजता र कहिले सङ्कुचन, कहिले खुसी र कहिले पीडा। यस जीवनमा विपत्ति, परीक्षा र कठिनाइहरू आउँछन्। अल्लाह तआलाले भन्नु भएको छः

{وَلَنَبْلُوَنَّكُمْ بِشَيْءٍ مِنَ الْخَوْفِ وَالْجُوعِ وَنَقْصٍ مِنَ الْأَمْوَالِ وَالْأَنْفُسِ وَالثَّمَرَاتِ وَبَشِّرِ الصَّابِرِينَ} [البقرة: 155]

"र निश्चय नै हामी तिमीहरूलाई केही भय, भोक, धन-सम्पत्ति, ज्यान तथा फलफूलको कमीबाट परीक्षा गर्नेछौँ। अनि धैर्य गर्नेहरूलाई शुभ समाचार सुनाइदेऊ।" (सूरह अल-बक़रह: १५५)

अल्लाहले यो संसार सृष्टि गर्नुभएको दिनदेखि नै यो कुनै एकै अवस्थामा स्थिर रहेको छैन। बरु मानिसहरूको अवस्था निरन्तर परिवर्तन भइरहन्छ र उनीहरू विभिन्न परिस्थितिहरूमार्फत गुज्रिन्छन्। यसै सन्दर्भमा एक कविले भनेका छन्:

ثَمَانِيَةٌ تَجْرِي عَلَى النَّاسِ كُلِّهِمْ وَلَا بُدَّ لِلْإِنْسَانِ يَلْقَى الثَّمَانِيَةْ

سُرُورٌ وَحُزْنٌ وَاجْتِمَاعٌ وَفُرْقَةٌ وَيُسْرٌ وَعُسْرٌ ثُمَّ سَقَمٌ وَعَافِيَةْ

आठवटा अवस्थाहरू सबै मानिसमाथि अवश्य आउँछन्,

कुनै पनि मानिसले यी आठ अवस्थाबाट बच्न सक्दैन।

खुसी र दुःख, मिलन र बिछोड, सहजता र कठिनाइ, अनि रोग र स्वास्थ्य।

यो कुरा कसैबाट लुकेको छैन कि आज हामी असामान्य परिस्थितिहरू र विशेष अवस्थाहरूबाट गुज्रिरहेका छौँ। युद्ध एक अप्रिय र निन्दनीय कुरा हो। धर्म, ज्यान, धन, इज्जत र मातृभूमिको रक्षा गर्न अत्यन्त आवश्यक अवस्था बाहेक युद्धको मार्ग अपनाइँदैन। हजरत अब्दुल्लाह इब्न अबी औफ़ा (रज़ियल्लाहु अन्हु) बाट वर्णित छ कि रसूलुल्लाह ﷺ ले भन्नुभयो:

«أَيُّهَا النَّاسُ لَا تَتَمَنَّوْا لِقَاءَ الْعَدُوِّ، وَسَلُوا اللَّهَ الْعَافِيَةَ، فَإِذَا لَقِيتُمُوهُمْ فَاصْبِرُوا، وَاعْلَمُوا أَنَّ الْجَنَّةَ تَحْتَ ظِلَالِ السُّيُوفِ» [مُتَّفَقٌ عَلَيْهِ]

"हे मानिसहरू! शत्रुसँग सामना हुने कामना नगर। अल्लाहसँग सुरक्षा र कुशलताको प्रार्थना गर। तर यदि शत्रुसँग सामना गर्नुपर्‍यो भने धैर्य धारण गर, र जानिराख कि जन्नत तरबारहरूको छायाँमुनि छ।" (सहीह अल-बुखारी र सहीह मुस्लिम) मानिस पूर्ण रूपमा सुरक्षित हुँदैन कि उसको हृदयमा निराशाको केही अंश प्रवेश नहोस्। यस्तो निराशाले मानिसको दृढ संकल्पलाई कमजोर बनाउँछ, साहसी मानिसहरूलाई पनि पराजित बनाउँछ, मनोबललाई हल्लाइदिन्छ र आशाहरूलाई चकनाचूर पारिदिन्छ। त्यसैले यस्ता भारी मानसिक बोझ हटाउन र मनोबललाई बलियो बनाउन हामीलाई आशावाद (तफाउल) को अत्यन्त आवश्यकता छ।.

**हे इस्लामका दाजुभाहरू**: जसले रसूलुल्लाह ﷺ को जीवन र मार्गदर्शनलाई गहिरो रूपमा अध्ययन गर्छ, उसले देख्नेछ कि उहाँ आशावाद (तफाउल) लाई अत्यन्त महत्व दिनुहुन्थ्यो। डर र भयको अवस्थामा पनि उहाँ शुभ समाचार सुनाउनुहुन्थ्यो, र निराशा तथा हताशाको समयमा मानिसहरूमा आशा जगाउनुहुन्थ्यो, ताकि मानिसहरूको मनोबल कमजोर नहोस् र उनीहरू निराशामा नडुबून्।

सहीह अल-बुखारी मा हज़रत ख़ब्बाब इब्न अल-अरत (रज़ियल्लाहु अन्हु) बाट वर्णित छ। उहाँ भन्नुहुन्छः "म रसूलुल्लाह ﷺ कहाँ पुगेँ। उहाँ

काबाको छायाँमा आफ्नो चादरलाई सिरानी बनाएर आराम गरिरहनुभएको थियो। त्यसबेला हामीले मुश्रिकहरूबाट अत्यन्त कडा यातना भोगिरहेका थियौँ। मैले भनेँ, 'हे अल्लाहका रसूल! के तपाईं हाम्रो लागि अल्लाहसँग सहायता र दुआ गर्नुहुन्न'? त्यसपछि रसूलुल्लाह ﷺ बस्नुभयो, उहाँको अनुहार रातो भयो, अनि उहाँले भन्नुभयो:

«لَقَدْ كَانَ مَنْ قَبْلَكُمْ لَيُمْشَطُ بِمِشْطِ الْحَدِيدِ مَا دُونَ عِظَامِهِ مِنْ لَحْمٍ أَوْ عَصَبٍ؛ مَا يَصْرِفُهُ ذَلِكَ عَنْ دِينِهِ، وَيُوضَعُ الْمِنْشَارُ عَلَى مَفْرِقِ رَأْسِهِ فَيُشَقُّ بِاثْنَيْنِ؛ مَا يَصْرِفُهُ ذَلِكَ عَنْ دِينِهِ، وَلَيُتِمَّنَّ اللَّهُ هَذَا الْأَمْرَ حَتَّى يَسِيرَ الرَّاكِبُ مِنْ صَنْعَاءَ إِلَى حَضْرَمَوْتَ؛ مَا يَخَافُ إِلَّا اللَّهَ وَالذِّئْبَ عَلَى غَنَمِهِ»

"तिमीहरूभन्दा अघिका ईमानवालाहरूमध्ये कसैलाई समातिन्थ्यो, अनि फलामको कङ्गीले उसको मासु र स्नायुलाई हड्डीसम्म चिरिन्थ्यो, तर त्यसले उनीहरूलाई आफ्नो धर्मबाट फर्काउन सक्दैनथ्यो। कसैको टाउकोको बीचमा आरा राखेर दुई टुक्रा पारिन्थ्यो, तर त्यसले पनि उसलाई आफ्नो धर्म त्याग्न बाध्य बनाउँदैनथ्यो। अल्लाहको कसम! अल्लाहले यस धर्मलाई अवश्य पूर्णता दिनुहुनेछ, यहाँसम्म कि एक यात्रु सनआबाट हदरमौतसम्म यात्रा गर्नेछ, र उसलाई अल्लाहबाहेक अरू कसैको डर हुनेछैन, केवल आफ्ना भेडाहरूका लागि ब्वाँसोको डर मात्र हुनेछ।.'

हेर! हाम्रो नबी मुहम्मद ﷺ कठिनाइ र सङ्कटको समयमा पनि आशा र शुभसमाचार दिनुहुन्थ्यो। उहाँले इस्लाम स्वीकार गर्नुअघि नै अदी इब्न हातिम (अल्लाह उहाँसँग प्रसन्न हुनुहोस्) लाई यस धर्मको उज्ज्वल भविष्यको शुभ समाचार दिँदै भन्नुभयो:

«أَمَا إِنِّي أَعْلَمُ مَا الَّذِي يَمْنَعُكَ مِنَ الْإِسْلَامِ، تَقُولُ: إِنَّمَا اتَّبَعَهُ ضَعَفَةُ النَّاسِ وَمَن لَّا قُوَّةَ لَهُ؛ وَقَدْ رَمَتْهُمُ الْعَرَبُ، أَتَعْرِفُ الْحِيرَةَ؟»

"मलाई थाहा छ, तिमीलाई इस्लाम स्वीकार गर्नबाट के कुराले रोकिरहेको छ। तिमी भन्छौ: 'यस धर्मलाई त समाजका कमजोर र शक्तिहीन मानिसहरूले मात्र अनुसरण गरेका छन्, र सम्पूर्ण अरबहरू उनीहरूको विरोधमा उभिएका छन्।' के तिमीले हिरा (अल-हिरा) शहरको बारेमा सुनेका छौ"?

मैले भनेँ: "मैले त्यो शहर देखेको छैन, तर यसको बारेमा सुनेको छु।"

तब नबी ﷺ ले भन्नुभयो:

«فَوَالَّذِي نَفْسِي بِيَدِهِ؛ لَيُتِمَّنَّ اللَّهُ هَذَا الْأَمْرَ حَتَّى تَخْرُجَ الظَّعِينَةُ مِنَ الْحِيرَةِ حَتَّى تَطُوفَ بِالْبَيْتِ فِي غَيْرِ جِوَارِ أَحَدٍ، وَلَيُفْتَحَنَّ كُنُوزُ كِسْرَى بْنِ هُرْمُزَ»

"त्यस प्रभुको कसम, जसको हातमा मेरो प्राण छ! अल्लाहले यस धर्मलाई अवश्य पूर्ण प्रभुत्व प्रदान गर्नुहुनेछ। यहाँसम्म कि हिराबाट एक महिला एक्लै यात्रा गर्दै मक्कामा पुगेर काबाको तवाफ गर्नेछिन्, र उनलाई अल्लाहबाहेक अरू कसैको सुरक्षा आवश्यक पर्नेछैन। अनि किस्रा बिन हुरमुज (फारसका सम्राट) का खजानाहरू पनि अवश्य खोलिनेछन्।"

मैले अचम्म मानेर सोधेँ:

"किस्रा बिन हुरमुजका खजाना"?

उहाँले भन्नुभयो:

«نَعَمْ؛ كِسْرَى بْنُ هُرْمُزَ، وَلَيُبْذَلَنَّ الْمَالُ؛ حَتَّى لَا يَقْبَلَهُ أَحَدٌ»

"हो, किस्रा बिन हुरमुजका खजाना। अनि धन-सम्पत्ति यति धेरै हुनेछ कि मानिसहरूले त्यसलाई लिनसमेत अस्वीकार गर्नेछन्।"

अदी इब्न हातिम भन्नुभयो: "मैले आफ्नै आँखाले देखेको छु कि हिराबाट एक महिला सुरक्षित रूपमा एक्लै आएर काबाको तवाफ गर्छिन्, कसैको सुरक्षा बिना। र म स्वयं ती व्यक्तिहरूमध्ये थिएँ जसले किस्रा बिन हुरमुजका खजानाहरू विजय गरेका थिए। अनि त्यस प्रभुको कसम, जसको हातमा मेरो प्राण छ! तेस्रो भविष्यवाणी पनि अवश्य पूरा हुनेछ, किनकि अल्लाहका रसूल ﷺ ले त्यसको पनि खबर दिनुभएको थियो।" (यस हदीसलाई इमाम अहमदले रिवायत गरेका छन्, र शुऐब अल-अर्नऊतले यसलाई सही (प्रामाणिक) ठहर गरेका छन्।)

**हे अल्लाहका बन्दाहरू**: जब अत्यन्त कठिन, हृदयलाई हल्लाइदिने परिस्थितिहरू आउँछन्, जब सङ्कट चरम सीमामा पुग्छ, र अवस्था त्यस्तै हुन्छ जसरी अल्लाह तआलाले खन्दकको युद्ध को समयमा ईमानवालाहरूको अवस्था वर्णन गर्नुभएको छ:

{إِذْ جَاءُوكُمْ مِنْ فَوْقِكُمْ وَمِنْ أَسْفَلَ مِنْكُمْ وَإِذْ زَاغَتِ الْأَبْصَارُ وَبَلَغَتِ الْقُلُوبُ الْحَنَاجِرَ وَتَظُنُّونَ بِاللَّهِ الظُّنُونَا (10) هُنَالِكَ ابْتُلِيَ الْمُؤْمِنُونَ وَزُلْزِلُوا زِلْزَالًا شَدِيدًا} [الأحزاب: 10، 11]

"जब शत्रुहरू तिमीहरूमाथि माथिबाट र तलबाट आइपुगे, आँखाहरू भयले टोलाउन थाले, मुटुहरू घाँटीसम्म आइपुगे, र तिमीहरूले अल्लाहबारे विभिन्न प्रकारका अनुमान गर्न थाल्यौ। त्यही बेला ईमानवालाहरूको परीक्षा लिइयो र उनीहरूलाई अत्यन्त कडा रूपमा हल्लाइयो।" (सूरह अल-अहज़ाब: १०-११)

यस्तो कठिन समयमा रसूलुल्लाह ﷺ ले, अदृश्य सबै कुरा जान्ने अल्लाहमाथि पूर्ण भरोसा (तवक्कुल) राखेपछि र युद्धका लागि उपलब्ध सबै वैध साधनहरू अपनाएपछि, मानिसहरूको हृदयमा आशावाद (तफाउल) स्थापित गर्नुहुन्थ्यो। यही साँचो ईमान भएका मानिसहरूको विशेषता हो। उनीहरूले पीडालाई आशामा, निराशालाई आशावादमा, कठिन अवस्थालाई सहजतामा, र परीक्षालाई अल्लाहका अनुग्रह र अवसरहरूमा परिवर्तन गर्छन्। त्यसैले कठिनाइ र चुनौतीहरूका बीच पनि जीवन सुन्दर र सहनयोग्य बन्न पुग्छ। अल्लाह तआलाले भन्नुभएको छः

{وَاصْبِرْ وَمَا صَبْرُكَ إِلَّا بِاللَّهِ وَلَا تَحْزَنْ عَلَيْهِمْ وَلَا تَكُ فِي ضَيْقٍ مِمَّا يَمْكُرُونَ} [النحل: 127]

"धैर्य गर। तिम्रो धैर्य केवल अल्लाहको सहायता द्वारा सम्भव हुन्छ। उनीहरूको कारण दुःखी नहोऊ, र उनीहरूले गर्ने षड्यन्त्रका कारण मन खुम्च्याएर चिन्तित नहोऊ।" (सूरह अन्-नहल: १२७).

अल्लाहले मलाई र तपाईंहरू सबैलाई यस महान् कुरआनमार्फत बरकत प्रदान गरून्, र यसमा भएका आयतहरू तथा बुद्धिमत्ताले भरिएको उपदेशबाट मलाई र तपाईंहरूलाई लाभान्वित गरून्। यति भन्दै म आफ्नो

कुरा समाप्त गर्दछु। म आफ्नो लागि र तपाईंहरू सबैका लागि महान् अल्लाहसँग क्षमा याचना गर्दछु। त्यसैले तपाईंहरू पनि उहाँसँग क्षमा माग्नुहोस्। निश्चय नै उहाँ अत्यन्त क्षमाशील र असीम दयालु हुनुहुन्छ।

## दोस्रो खुत्बा

सबै प्रशंसा अल्लाहकै लागि हो। म साक्षी दिन्छु कि अल्लाह बाहेक कुनै सत्य उपास्य छैन। उहाँ सर्वोच्च र महान हुनुहुन्छ। अनि म साक्षी दिन्छु कि हाम्रा नबी मुहम्मद ﷺ उहाँका दास, उहाँका रसूल र उहाँद्वारा चयन गरिएका हुन्। अल्लाहको दया र शान्ति उहाँमाथि, उहाँका परिवार, उहाँका सहाबीहरू तथा उहाँको मार्ग अनुसरण गर्ने सबैमाथि रहोस्।

**अब त्यसपछि:**: अल्लाहसँग तक्वा (ईश्वरभय) अपनाउनुहोस् – हे अल्लाहका बन्दाहरू – र उहाँलाई मनपर्ने तथा उहाँलाई प्रसन्न पार्ने कार्यहरूद्वारा उहाँको निकटता प्राप्त गर्ने प्रयास गर्नुहोस्। किनकि अल्लाहलाई सबैभन्दा प्रिय कुरा भनेको उहाँको आज्ञापालन गर्नु र उहाँका बन्दाहरूमाथि उपकार गर्नु हो। जसले यी दुवै कार्यहरू गर्छ, अल्लाहले उसलाई कहिल्यै असहाय छोड्नुहुन्न। अल्लाह तआलाले भन्नुभएको छः

{وَلَيَنْصُرَنَّ اللَّهُ مَنْ يَنْصُرُهُ إِنَّ اللَّهَ لَقَوِيٌّ عَزِيزٌ (40) الَّذِينَ إِنْ مَكَّنَّاهُمْ فِي الْأَرْضِ أَقَامُوا الصَّلَاةَ وَآتَوُا الزَّكَاةَ وَأَمَرُوا بِالْمَعْرُوفِ وَنَهَوْا عَنِ الْمُنْكَرِ وَلِلَّهِ عَاقِبَةُ الْأُمُورِ} [الحج: 40، 41]

"र निश्चय नै अल्लाहले आफ्नो धर्मको सहायता गर्नेहरूको अवश्य सहायता गर्नुहुन्छ। निःसन्देह, अल्लाह अत्यन्त शक्तिशाली र सर्वविजयी

हुनुहुन्छ। ती मानिसहरू, जसलाई यदि हामीले पृथ्वीमा अधिकार दियौँ भने, उनीहरूले नमाज कायम गर्छन्, जकात दिन्छन्, असल कामको आदेश दिन्छन् र खराब कामबाट रोक्छन्। र सबै कामहरूको अन्तिम परिणाम अल्लाहकै हातमा छ।" (सूरह अल-हज्ज: ४०-४१)

हजरत अबुद्-दर्दा (रज़ियल्लाहु अन्हु) बाट वर्णित छ कि उहाँले रसूलुल्लाह ﷺ लाई यसो भन्नुभएको सुन्नुभयो:

«ابْغُونِي ضُعَفَاءَكُمْ؛ فَإِنَّكُمْ إِنَّمَا تُرْزَقُونَ وَتُنْصَرُونَ بِضُعَفَائِكُمْ» [أَخْرَجَهُ الْإِمَامُ أَحْمَدُ وَصَحَّحَهُ شُعَيْبُ الْأَرْنَؤُوطُ]

"तिमीहरूका कमजोर र असहाय मानिसहरूको ख्याल राख। निश्चय नै तिमीहरूलाई जीविका (रिज्क) पनि उनीहरूकै कारण प्रदान गरिन्छ, र सहायता तथा विजय पनि उनीहरूकै कारण प्राप्त हुन्छ।" (इमाम अहमदले यो हदीस रिवायत गर्नुभएको हो, र शुऐब अल-अर्नाउतले यसलाई सही (सहिह) ठहर गर्नुभएको छ।)

**हे ईमानका दाजुभाइहरू**: उम्मतको अवस्थाबारे सधैं निराशाजनक र नकारात्मक कुरा गर्नु मुस्लिमहरूको मनोबल कमजोर बनाउने काम हो। यसले मानिसहरूको हृदयमा दुःख, निराशा र हताशा पैदा गर्छ। त्यसैले कमजोरी र निराशा फैलाउने शब्दहरू दोहोर्याउनबाट सावधान रहनुहोस्। साथै, अल्लाहबारे नराम्रो धारणा नराख्नुहोस्। होसियार रहनुहोस्, कतै तपाईं ती मानिसहरूमध्ये नपर्नुहोस् जसको निन्दा गर्दै अल्लाह तआलाले भन्नुभयो:

{بَلْ ظَنَنْتُمْ أَنْ لَنْ يَنْقَلِبَ الرَّسُــولُ وَالْمُؤْمِنُونَ إِلَى أَهْلِيهِمْ أَبَدًا وَزُيِّنَ ذَلِكَ فِي قُلُوبِكُمْ وَظَنَنْتُمْ ظَنَّ السَّوْءِ وَكُنْتُمْ قَوْمًا بُورًا} [الفتح: 12]

"बरु तिमीहरूले यस्तो ठानेका थियौ कि रसूल र ईमानवालाहरू आफ्ना परिवारतर्फ कहिल्यै फर्कने छैनन्। यो कुरा तिमीहरूको हृदयमा सुन्दर देखाइयो, तिमीहरूले अल्लाहबारे नराम्रो धारणा राख्यौ, र तिमीहरू विनाश हुने मानिसहरू भयौ।" (सूरह अल-फत्ह: १२)

यहाँ "बूरा "भन्नाले विनाश भएका, निराशावादी र पराजित मानसिकता भएका मानिसहरूलाई जनाइएको हो। साथै, सहीह मुस्लिम मा हजरत अबू हुरैरह (रज़ियल्लाहु अन्हु) बाट वर्णित छ कि रसूलुल्लाह ﷺ ले भन्नुभयो:

«إِذَا قَالَ الرَّجُلُ: هَلَكَ النَّاسُ؛ فَهُوَ أَهْلَكُهُمْ»

"जब कुनै मानिस भन्छ, 'सबै मानिसहरू बिग्रिसके' वा 'सबै नष्ट भइसके', तब वास्तवमा ऊ स्वयं उनीहरूमध्ये सबैभन्दा बढी विनाशतर्फ गएको हुन्छ।"

**हे अल्लाह!** हाम्रो लागि ईमान (आस्था) लाई प्रिय बनाइदिनुहोस् र यसलाई हाम्रा हृदयहरूमा सुशोभित गरिदिनुहोस्; कुफ्र (अविश्वास), अवज्ञा र अनाज्ञाकारितालाई हाम्रो लागि घृणित बनाइदिनुहोस्; र हामीलाई सही मार्गमा हिँड्नेहरूमध्ये समावेश गर्नुहोस्। **हे अल्लाह!** इस्लाम र मुसलमानहरूलाई सम्मान प्रदान गर्नुहोस्, तथा शिर्क (बहुदेववाद) र मुश्रिकहरू (बहुदेववादीहरू) लाई अपमानित गर्नुहोस्। **हे अल्लाह!**

मुसलमान पुरुष तथा महिलाहरू र ईमानवाला पुरुष तथा महिलाहरू–जीवित वा मृत सबै–लाई क्षमा गरिदिनुहोस्। **हे अल्लाह!** कुवेत र त्यहाँका बासिन्दाहरूलाई हरेक प्रकारका अनिष्ट र हानिबाट रक्षा गर्नुहोस्, तथा यस देश–र सम्पूर्ण मुस्लिम देशहरूलाई सुरक्षित र शान्त बनाउनुहोस्। **हे अल्लाह!** हाम्रो सीमा रक्षा गर्नेहरू, सुरक्षाकर्मीहरू, रक्षा बलहरू, राष्ट्रिय गार्ड, अग्निनियन्त्रण सेवा र देशको सुरक्षामा लागेका सबैलाई सुरक्षित राखनुहोस्, र उनीहरूको खुट्टामुनि जमिनलाई दृढ बनाऊनुहोस्। **हे अल्लाह!** हाम्रो अमीर र उनका उत्तराधिकारीलाई तिमीले मन पराउने र प्रसन्न हुने कामहरू गर्न सफलता प्रदान गर्नुहोस्। र उहाँहरू दुवैलाई नेकी र तक्वाको मार्गमा दृढतापूर्वक डोऱ्याइदेऊनुहोस्। र हाम्रो अन्तिम प्रार्थना यही हो कि सबै प्रशंसा अल्लाहकै लागि हो, जो सम्पूर्ण संसारहरूको पालनकर्ता हुनुहुन्छ।.

**जुमाको नमाजको लागि नमुना खुतबा तयार गर्ने समित**